यो निर्देशिकाले तपाईंलाई **evvie** (एभी) पोर्टलमा आफैं पालो तयार पार्न सिकाउनेछ। यदि तपाईंले अझै पनि **evvie** पोर्टलमा साइन इन गर्नुभएको छैन भने निर्देशनहरूको लागि FMSOne (एफएमएस-वान) को संक्षिप्त निर्देशिका हेर्नुहोस्। आफैं तयार पार्ने पालोहरू EVV-अनुरूप हुँदैनन् र उक्त सेवालाई EVV आवश्यक पर्दैन वा मोबल याप प्रयोग गरेर पालोको विवरण चढाउन समस्या भएका बेला मात्र प्रयोग गरिनुपर्छ।

| # | **पूरा गर्नुपर्ने चरणहरू** | **स्क्रिनमा यो कस्तो देखिन्छ** |
|---|---|---|
| १ | तपाईंको ब्राउजरमार्फत कम्प्युटर, ट्याब्लेट, वा मोबाइल उपकरणमा evvie पोर्टलमा साइन इन गरेपछि **View All Shifts** बटनमा क्लिक गर्नुहोस्। | <br><br>*१ - भ्यु अल सिफ्ट्स बटन* |
| २ | स्क्रिनको टुप्पोमा भएको **Create New Shift** (क्रियट न्यु शिफ्ट) मा क्लिक गर्नुहोस्। | <br><br>*२ - क्रियट न्यु शिफ्ट बटन* |
| ३ | तपाईंले पालो फाराम तयार पार्न सबै खाली ठाउँहरू भर्नुपर्छ। यसमा किन तपाईंले **evvie** (एभी) मोबल यापमा पालोको विवरण चढाउन सक्नुभएन भन्नका लागि छूट र कारण भर्नुपर्ने ठाउँहरू पनि पर्छन्। तपाईंले सधैं सुरु / अन्त समय लेख्ने ठाउँहरू र समय लेख्ने ठाउँहरू भर्न आवश्यक हुन्छ।<br><br>तपाईं कसका लागि काम गर्नुहुन्छ र तपाईं कहाँ काम गर्नुहुन्छ भन्ने आधारमा तपाईंले जुन खाली ठाउँहरू भर्न आवश्यक हुन्छ, ति फरक हुन सक्छन्। FMS (एफएमएस) प्रदायकले तपाईंलाई यस फारामको प्रत्येक खाली ठाउँको अर्थ के हो र तपाईंले कुन पूरा गर्न आवश्यक छ भन्नेबारे थप जानकारी दिनेछ।<br><br>पालो किन आफैं तयार पारेर भर्नु परिरहेको छ भनेर व्याख्या गर्न तपाईंले फारामको पुछारको टिप्पणी लेख्ने क्षेत्र प्रयोग गर्नुपर्छ। | <br><br>*३ - म्यानुअल शिफ्ट प्रविष्टि स्क्रिन* |

© Copyright 2025 HHAeXchange

<table>
<tr>
<td>४</td>
<td>सबै खाली बाकसहरू भरेपछि, पालो प्रमाणित गर्न चिह्न बाकसमा चिह्न लगाउनुहोस् । अन्तिम चरण भनेको निलो Create Shift बटन क्लिक गर्नु हो । पालो अब प्रमाणित भएको अवस्थाको भएको छ । अन्तिम रूप दिने र पारिश्रमिक दिने प्रक्रियामा पठाउनुअघि दोस्रो व्यक्तिले पालो र काम सकेको भनिएको पालो अनुमोदन हेर्न आवश्यक हुनेछ ।<br><br>आफैं तयार पारेका पालोहरू पनि evvie मोबल यापमार्फत बुझाइएका कुनै पनि पालोहरू जस्तै समायोजन र अस्वीकार गर्न सकिन्छ ।</td>
<td>

४ - कमेन्ट बक्स र क्रियट न्यु शिफ्ट बटन</td>
</tr>
</table>

यदि तपाईंसँग थप प्रश्नहरू छन् भने कृपया **evvie** प्रयोगकर्ता निर्देशिकालाई सन्दर्भका रूपमा लिनुहोस् वा मद्दतका लागि आफ्ना FMS प्रदायकलाई सम्पर्क गर्नुहोस् ।

© Copyright 2025 HHAeXchange